एकालाल श्रेष्ठ: विद्यार्थी राजनीतिदेखि मन्त्रीसम्म । पृष्ठ ६ मा

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

● मकवानपुर, वर्ष-१५, ● अंक-२५ ● २०७९ माघ १६ गते सोमबार, ● 30 Jan. 2023, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-



# थाहानगरको सिमभन्ज्याङमा 'सात ताल'



विकास संवाददाता
थाहानगर

बागमती प्रदेश सरकारको जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय मकवानपुरमार्फत मकवानपुरको सिमभन्ज्याङमा सातवटा ताल निर्माणाधीन रहेका छन् । मकवानपुर जिल्लाको सबैभन्दा उचाइमा रहेको सिमभन्ज्याङ बजारनजिकै प्रदेश सरकारको ७२ लाख ६९ हजार रुपियाँ लागतमा पहिलो चरणमा एउटा ताल निर्माण हुनेछ । थाहा नगरपालिका वडा नम्बर ४ स्थित सिमभन्ज्याङमा निर्माण हुने तालको बाँधका निर्माणलगायतका काम सम्पन्न भएको छ ।

पानी जम्मा गरी ताल बनाउन प्रस्तावित तालमा हात्तीपाइलेबाहेकको तीन मिटर उचाइको बाँध निर्माण गरिनेछ। पक्की बाँध निर्माणपछि करिब सय मिटर लम्बाइभन्दा बढी क्षेत्रफलको तालमा पानी संकलन हुनेछ। जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय मकवानपुरका अनुसार निर्माणाधीन तालको माथि थप पाँचवटा र तल एउटा ताल बनाउने योजना रहेको छ । डिभिजन कार्यालयका सबइन्जिनियर रञ्जित श्रेष्ठले योजनाको करिब ६५ प्रतिशत काम सकिएको जानकारी दिँदै सिमभन्ज्याङ क्षेत्रमा हाल अधिक चिसोका कारण निर्माण रोकिएको बताए । स्थानीय करूणाभूमि सामुदायिक वनको पहलमा वातावरणमैत्री र पर्यटक आकर्षित गर्ने उद्देश्यले ताल निर्माण प्रयास सुरू भएको हो ।

सामुदायिक वन समितिका अध्यक्ष विनोद लामाले १० वर्ष अघिबाट गरिएको प्रयास र पहलले सार्थकता पाउन लागेको बताउँदै पहिले तारजाली, ढुङ्गा माटोको बाँध निर्माण गर्दा स्थायी नभएका कारण पक्की पर्खाल निर्माण गर्न लागेको बताए ।

थाहा नगरपालिकाको तीन लाख र स्थानीय विकास मन्त्रालयबाट आएको साढे सात लाख रूपियाँबाट छड र सिमेन्ट प्रयोग नगरी वातावरण र पर्यावरणमैत्री निर्माण गरेको संरचना वर्षाले क्षति पुऱ्याएको बताउँदै पानीको मूल निर्माणाधीन तालसँगै रहेकाले पानी अभाव नहुने बताए । 'तालमा हालेका असला माछाको उत्पादन राम्रो भएको छ, ताल निर्माणपछि बोटिङ र फिसिङको योजना छ', उनले भने, 'सात ताल निर्माणपछि यस क्षेत्रमा पर्यटकको बसाइसमेत लम्बिने विश्वास छ ।'

दामन-पालुङ क्षेत्रमा पछिल्लो समय पर्यटक आउनेक्रम घटेको बताउँदै ताल निर्माण सम्पन्न भएपछि पर्यटकीय गन्तव्य बन्ने अध्यक्ष लामाले बताए । ताल निर्माणसँगै ताल दायाँबायाँ पैदल मार्ग निर्माण, आश्रय स्थल र सौन्दर्यीकरण गरिने योजनासमेत रहेको छ ।

## चित्लाङ-थानकोट सडक रातको समयमा बन्द हुने



◆ विकास संवाददाता

मकवानपुरको थाहानगरबाट काठमाण्डौं जाने आउने छोटो दुरीको चित्लाङ-थानकोट (गणेशमान सिंह मार्ग) सडक स्तरोन्नतीका लागि रातको समयमा आवागमन बन्द हुने भएको छ ।

गणेशमान सिंह मागको चित्लाङ-पानीघाट खण्डमा ग्राभेलिङ, नालालगायतको कामसहित सडक स्तारोन्नती गर्ने भएकोले १५ माघदेखि राती ८ बजेबाट विहान ६ बजेसम्म आवागमन अवरूद्ध हुने थाहा नगरपालिका ९ नम्बर वडा कार्यालयले जनाएको छ । सूचनामा भनिएको छ,-'सडकको स्तरोन्नत्ती लगायतको निर्माण कार्य जारी रहेकोले अर्को सूचना जारी नभएसम्म मिति २०७९ माघ १५ गतेदेखि प्रत्येक दिन राति ८ बजेदेखि बिहान ६ बजेसम्म सडक बन्द रहने व्यहोरा जानकारीको लागि यो सूचना जारी गरिन्छ ।'

## चौलागाई 'अन्तर्राष्ट्रिय सोसल अर्वाड-२०२३'

◆ विकास संवाददाता

सहयोगी मन नेपाल, मकवानपुरका अध्यक्ष केदार प्रसाद चौलागाई 'अन्तर्राष्ट्रिय सोसल अर्वाड-२०२३' बाट सम्मानित भएका छन् ।

१० माघमा मलेसियाको राजधानी क्वालालम्पुरमा क्रियटिभ मिडिया एण्ड ईभेन्ट म्यानेजमेन्ट प्रालिले गरेको अर्वाड कार्यक्रममा सहयोगी मनका अध्यक्ष चौलागाई सम्मानित भएका हुन् । लामो समयदेखि सामाजिक कार्यमा क्रियाशिल रहँदै आएका चौलागाईलाई मलेसियाका लागि नेपाली राजदूत डिल्लीराज पौडेलले कदर पत्रसहित अर्वाड प्रदान गरेका हुन् । कार्यक्रममा विभिन्न विधामा १९ जनालाई अर्वाड प्रदान गरिएको बताइएको छ ।

# सहयोगीको नाफा ६१ लाख ७६ हजार

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका ओखरबजारमा रहेको सहयोगी बचत तथा ऋण सहकारी संस्थाको १५ औं वार्षिक साधारणसभा भएको छ । झम्केश्वरी माविको सभाहलमा सम्पन्न संस्थाका अध्यक्ष अन्जल प्रधानको अध्यक्षतामा भएको साधारणसभा थाहानगर प्रमुख विष्णु बहादुर विष्टले उद्घाटन गरे ।

संस्थाको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्ष अन्जल प्रधानले १५ औं वार्षिक साधारणसभा सम्म आइपुग्दा संस्थाले १५ वर्षको अवधिमा उल्लेख्य प्रगतिसंगै अनगिन्ती सामाजिक उत्तरदायित्व वहन गरेको बताउदै नेतृत्व जिम्मेवारी सफलतापुर्वक निर्वाह गरी संस्थालाई पारदर्शी, सबल, सुशासित र एकताबद्ध रूपले संचालन गर्न सहयोग गर्नेलाई धन्यवाद दिए । संस्थाले हाल १५ करोड रूपैयाँको आर्थिक कारोबार गर्ने गरेको स्मरण गर्दै सदस्यहरूले संस्थाबाट नियमित रूपमा बचत तथा ऋणको कारोबार गर्ने, मासिक रूपमा संस्थाले सुचनापाटिमा टाँसेको बित्तीय विवरण तथा पर्ल्स अध्ययन गरी सुझाव दिने पद्धतिको विकास गर्न आग्रह गर्दै संस्थाको नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए ।

संस्थाका कोषाध्यक्ष राजमान श्रेष्ठले प्रतिवेदन पेस गर्दै संस्थाको वार्षिक कारोवार १५ करोड १६ लाख पुगेको सभामा जानकारी गराए । सेयर रकम ९ प्रतिशतले वृद्धि भइ १ करोड ६५ लाख तथा बचत ११ करोड १८ लाख र ऋण लगानी ११ करोड १८ लाख रहेको प्रतिवेदन प्रस्तुत गरे । संस्थाको जगेडा कोषमा ७२ लाख ८७ हजार सदस्य र हित कोषमा १६ लाख र सेयर लगानी २७ लाख रहि खुद नाफा रहेको प्रतिवेदनमा उल्लेख छ ।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रमुख अतिथी नगर प्रमुख विष्टले आम नगरबासीले बैंक तथा सहकारीहरूमा अर्थिक कारोवार गर्दा अनावश्यक ऋण नलिन आग्रह गर्दै लिएको ऋण उत्पादन मुलक क्षेत्रमा लगानी गर्न सकेमात्र नगरले अर्थिक समृद्धिको बाटो पहिल्याउने विश्वास व्यक्त गरे। उनले संस्थाले गरेको सफलतालाई धन्यवाद दिंदै आगामी दिनमा सञ्चालक, शेयर सदस्य र कर्मचारी तीनै पाटालाई समेटेर अझ उत्कृष्ठ सफलता हासिल गर्न शुभकामना व्यक्त गरे ।

सभामा विशिष्ट अतिथि तथा थाहानगरका उपप्रमुख भरत गोपालीले सहकारीले समाजमा उल्लेख्य योगदान गरेको भएता पनि केही सहकारीले नियतवस वदमासी गरेको हुनाले सदस्यहरूले सहकारीलाई छानेर विश्वासिलो संस्थामा मात्र कारोवार गर्नु पर्ने वताए । उनले सहकारीहरूले अव ठूलो परिणामको नतिजा दिनका लागि मर्ज गर्नु पर्नेआवश्यकता रहेको पनि विचार व्यक्त गरे। साधारणसभामा थाहानगर उद्योग वाणिज्य संघका महासचिव सुरेन्द्रमान प्रधानगायतकाले शुभकामना दिएका थिए ।



विकास खबरपत्रिका साप्ताहिक
प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-८ सम्पर्क नं. ९८०७५१३३००
www.bikaskhabar.com
२०७९ माघ १६ गते सोमबार, 30 Jan. 2023, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७


# • सम्पादकीय •

## कृषि क्षेत्रमा लगानी बढाऊ

कृषिमा वैदेशिक लगानी आवश्यक हुन्छ वा हुँदैन भन्ने बहस नेपालमा लामो समयदेखि चल्दै आएको हो । सोही बहसका कारण सरकारसमेत अस्पष्ट हुँदा कृषिक्षेत्र वर्षौंदेखि पछौटे अवस्थामा छ । यसकै कारण न स्वदेशका उद्यमीले पर्याप्त लगानी गर्न सकेका छन् न वैदेशिक लगानी हुन सकेको छ । पछिल्लो समय वैदेशिक रोजगारीबाट फर्किएका र स्वदेशमा केही गरौं भन्ने युवाले कृषिमा लगानी गर्न थालेका छन् तर यो पर्याप्त छैन । कृषिमा पर्याप्त लगानी हुन नसकेका कारण उत्पादन पनि बढ्न सकेको छैन । कृषिक्षेत्रमा वैदेशिक लगानी भित्र्याउन सके एकातिर आर्थिक स्रोत त जुट्छ नै अर्कोतर्फ विदेशमा कृषिक्षेत्रले गरेको प्रगति, शीप र प्रविधिको हस्तान्तरण हुन्छ । सोही सोचलाई मद्दत पुग्ने गरी सर्वोच्च अदालतले विदेशी लगानीले नेपालका किसानलाई असर नपर्ने भएकाले विदेशी लगानी रोक्न आवश्यक नभएको फैसला गरेको छ । यसले कृषिलाई व्यवसायीकरण र आधुनिकीकरण गर्न पुऱ्याएको अवरोध हटाएको छ । कृषिक्षेत्रमा वैदेशिक लगानी भित्रिए नेपाली किसान प्रभावित हुने भन्दै एकथरीले यसको विरोध गर्दै आएका थिए । वैदेशिक लगानीविना नेपालको कृषिलाई रूपान्तरण गर्न नसकिने आवाज पनि उत्तिकै सक्रिय रूपमा उठ्दै आएको हो ।

नेपालको कृषिले जेजस्तो समस्या भोगेको छ, त्यसको मूल कारण नै यसमा आधुनिक प्रविधि र व्यवस्थापन भित्र्याउन नसक्नु हो । नेपाली किसान र व्यवसायीले उच्चस्तरको प्रविधि भित्र्याउन नसक्ने अनि यसका लागि विदेशी लगानी पनि आउन नसक्ने भएपछि कृषिमा आधुनिकीकरण तीव्र रूपले हुन नसकेको हो । यही तथ्यलाई मनन गरेर नै सरकारले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ लाई संशोधन गरी ७५ प्रतिशत उत्पादन निर्यात गर्ने गरी कृषिक्षेत्रमा विदेशी लगानी ल्याउन दिने निर्णय गरेको थियो । सोही संशोधन विरुद्ध परेको रिट खारेज भएपछि विदेशी लगानी ल्याउन बाटो खुलेको हो । पशुपन्छी, माछा, मौरी, फलफूल, तरकारी, तेलहन, दलहन, दुग्ध व्यवसाय र प्राथमिक उत्पादनका अन्य क्षेत्रमा विदेशी लगानी ल्याउन नमिल्ने व्यवस्था गरिएकोमा त्यसलाई संशोधन गरिएको थियो । सर्वोच्चको निर्णयले निर्यातलाई लक्षित गरी केही कृषिक्षेत्रमा विदेशी लगानी ल्याउन बाटो खोलेको छ । अब कृषिका केही क्षेत्रमा विदेशी लगानीको सम्भावना बढेको छ । कृषि प्रशोधन, कृषि उत्पादनको निर्यात आदिका लागि विदेशी लगानी आवश्यक देखिन्छ । बढ्दो खाद्य असुरक्षासँगै विश्वभरि नै लगानीकर्ताले अन्य देशमा कृषिमा लगानी बढाइरहेको देखिन्छ । यद्यपि कस्ता लगानीकर्ता नेपाल आउँछन् र सरकारले केकस्ता शर्तका अधीनमा उनीहरूलाई लगानी गर्न दिन्छ भन्ने कुराले निकै अर्थ राख्छ । नेपाली किसानलाई प्रत्यक्ष मर्का पर्नेबाहेक अन्य क्षेत्रमा लगानी गर्न दिन कुनै आपत्ति देखिँदैन । हुन त एक अध्ययनले कृषि उत्पादनमा हुने अधिकांश लगानीले कुल उत्पादनको तथ्यांकलाई राम्रो बनाए पनि स्थानीय कृषकलाई पनि नकारात्मक असर पारिरहेको देखाएको छ । तैपनि कृषिमा वैदेशिक लगानी बढ्दो छ ।

कृषि जमीन लिजमा दिने व्यवस्था तथा करार खेतीजस्ता मोडलमा वैदेशिक लगानी भित्रिए त्यसले नेपालको कृषिमा आधुनिकीकरण ल्याउन सक्छ । त्यसैले यसै अनुसार कृषिमा वैदेशिक लगानी भित्र्याउने नीति तय गर्नु उपयुक्त हुन्छ । यस्तो नीतिले कृषिको विकास र प्रवर्द्धनमा मद्दत पुग्न सक्छ । कृषिक्षेत्रमा लगानी बढ्नेबित्तिकै यसले दिने लाभ पनि बढी हुन्छ र अन्ततः देशलाई आर्थिक समृद्धिको बाटोमा डोऱ्याउँछ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# बारीमा जाऊँ कि खाडीमा ?



रत्न प्रजापति

'जमिन जोत्नेलाई मालिक बनाउन किसान आन्दोलन, देशको सार्वभौमिकता रक्षाका निम्ति तेस्रो राष्ट्रिय सम्मेलन' नाराका साथ नेपाल क्रान्तिकारी किसान संघको तेस्रो राष्ट्रिय सम्मेलन गत माघ २८ र २९ गते कलैया, बारामा भएको छ । क्रान्तिकारी किसान संघको तेस्रो राष्ट्रिय सम्मेलनको पूर्वसन्ध्यामै देशका केही किसान भने आफ्नो उत्पादनको उचित मूल्य नपाएको भन्दै आन्दोलित भएका थिए । भारतीय तरकारीका कारण स्वदेशी उत्पादनले मूल्य नपाएको भन्दै चितवनका किसानले माघ २० गते शुक्रबार नारायणगढ सडकमा तरकारी फालेर आन्दोलनमा उत्रिएका हुन् । यो आन्दोलन राज्यप्रति असन्तुष्ट किसानहरूको सांकेतिक विद्रोह पनि हो ।

क्रान्तिकारी किसान संघका पदाधिकारी र सदस्यहरूले सार्वभौमिकता रक्षाका नारा लगाइरहँदा असन्तुष्ट र आक्रोशित किसानहरूले भने 'नेपाली किसान मार्न पाइँदैन, विदेशी तरकारी तथा फलफूल चाहिँदैन' भन्ने नारा लगाएका थिए । यो विरोधाभासपूर्ण स्थितिमा क्रान्तिकारी किसान संघको आसन्न राष्ट्रिय सम्मेलनले आफ्नो आवाजलाई कसरी सम्बोधन गर्ला भनेर हेर्न आतुर थिए पीडित किसानहरू । कहिले उचित मूल्य नपाएको झोकमा सडकमै आफ्नो उत्पादन फाल्नुपर्ने, कहिले बिक्री भएको उत्पादनको भुक्तानी नपाएर सडकमै आएर आन्दोलन गर्नुपर्ने ।

यतिले मात्रै नपुगेर तराईदेखि राजधानीसम्म पुगेर सिंहदरबारकै अगाडि माइतीघर मण्डलामा धर्ना बस्नुपर्ने । यस्तो हरिबिजोग सहेर कति दिन किसानहरू कृषिमा टिक्न सक्छन् ? त्यही पिरलो प्रतिबिम्बित भएको छ चितवनका आन्दोलित किसानले बोकेको ब्यानरमा लेखिएको 'बारीमा जाऊँ भविष्य छैन, खाडीमा जाऊँ उमेर छैन' भन्ने नारामा । नारा लयात्मक छ, तर कारूणिक छ । यो मर्मस्पर्शी नाराले सरकारको हृदयलाई चाहिँ छोयो कि छोएन ? सरकारले लज्जाबोध गऱ्यो कि गरेन ? यो मर्मस्पर्शी नाराले आमकिसानको पीडा मात्रै बोलेको छैन, निकम्मा राज्यसंयन्त्रलाई पनि नराम्रोसँग गिज्याएको छ ।

एउटी आमाले आफ्नो शिशुलाई अनेक दुःखकष्ट सहेर स्याहार-सुसार गरेर हुर्काएजस्तै गरी हुर्काएको-फलाएको तरकारी आफ्नै हातले सडकमा फाल्नुपर्दा ती किसानको मनमा पीडा र औडाहा हुनु स्वाभाविक हो । अनि आफैँले दुःख गरी हुर्काएको-फलाएको उत्पादन सडकमा फालेर राज्यविरूद्ध आन्दोलित हुनुपर्ने परिस्थिति सिर्जना हुनु एकदमै दुर्भाग्यपूर्ण छ । कृषिप्रधान देशमा विदेशी तरकारी ल्याउनुपर्ने परिस्थिति आफैँमा विडम्बनापूर्ण छ । यो विडम्बनाको मुख्य कारण राज्य हो ।

स्वदेशी उत्पादनलाई उचित बजार व्यवस्थापनसम्म पनि गर्न नसक्नु राज्यको ठूलो कमजोरी हो । भन्नलाई कृषिप्रधान देश भनिन्छ नेपाललाई । झन्डै दुईतिहाइ जनसंख्या कृषिमा निर्भर छन् । यति धेरै जनसंख्याको आय र जीवननिर्वाहको स्रोत कृषि भएपछि कृषिको अवस्था अब्बल हुनुपर्ने हो नि । तर त्यस्तो छैन । राज्यले कृषिलाई प्राथमिकतामा राखेको भन्दै सधैं ढाँट्दै आएको छ । त्यसैले कृषिको अवस्था दिनप्रतिदिन खस्किँदै छ ।

कृषिको अवस्था खस्किएको र कृषिबाट जीवननिर्वाहमात्रै हुने, अरू उन्नति र प्रगति नहुने भएपछि कृषिमा उज्ज्वल भविष्य नदेखेर स्वयम् किसानकै छोराछोरी कृषि छाडेर अरू पेसामा लाग्दैछन् । धेरै त खाडी मुलुकतिर भासिँदै छन् । कृषिप्रधान देशका लागि यो ठूलो विडम्बना हो । किसानले नै अपनत्व महसुस गर्न नसक्ने कृषि पेसालाई अब नयाँ पुस्ताले ग्रहण गर्ने अपेक्षा गर्नु व्यर्थ छ ।

राज्यले नै सधैं उपेक्षा गर्दै आएकाले कृषि पेसा सधैं उपेक्षित छ । किसानहरू सधैं समस्यामा छन् र पीडामा छन् । यस्तो पीडा कहिले राज्यले दिन्छ, कहिले प्रकृतिले दिन्छ । राज्यले समयमा मल, बीउ उपलब्ध नगराउँदा किसानलाई पीडा हुन्छ । चाहिएको ऋण समयमा नपाउँदा पीडा हुन्छ । आवश्यक लगानी गर्न नसक्दा पीडा हुन्छ । कहिले खेतीको समयमा पानी नपर्दा पीडा हुन्छ, कहिले बाली नै बगाउने गरी अधिक वर्षा हुँदा पीडा हुन्छ ।

हावाहुरी र असिनाले बाली नाश गर्दा पीडा हुन्छ । सोचेजस्तो उत्पादन नहुँदा पीडा हुन्छ । कहिलेकाहीं उत्पादन भएर पनि समयमा बिक्री गर्न नसक्दा पीडा हुन्छ । बिक्री भएर पनि त्यसको उचित मूल्य नपाउँदा थप पीडा हुन्छ । अनि कहिलेकाहीं चाहिँ बिक्री भएको उत्पादनको समयमा भुक्तानी नपाउँदा झन् बढी पीडा हुन्छ । कति धेरै पीडा किसानका ?

कृषिप्रधान देश भनिएपछि राज्यको नीति तथा कार्यक्रममा कृषि पहिलो प्राथमिकतामा पर्नुपर्ने हो । योजनाहरूमा कृषि पहिलो प्राथमिकतामा पर्नुपर्ने हो । बजेट विनियोजनमा पनि कृषि पहिलो प्राथमिकतामा पर्नुपर्ने हो । तर, त्यसो हुन सकेको छैन । नीति तथा कार्यक्रममा कृषिलाई पहिलो प्राथमिकतामा राखिए पनि बजेट विनियोजनका बेला कृषिलाई बिर्सिने बानी छ सरकारको । त्यसैले कृषिप्रधान देशको कुल राष्ट्रिय बजेटमा कृषिका लागि जम्माजम्मी २ वा ३ प्रतिशत बजेट विनियोजन गरिन्छ । कृषिप्रधान देशमा कृषिका लागि यति थोरै बजेट विनियोजन हुनु कृषि र किसानकै अपमान होइन र ? यसरी कृषि र किसानलाई नै हेपेर कृषिबाट आर्थिक समृद्धिको सपना देख्न सुहाउँछ ?

हरेक कृषिमन्त्रीले कृषिक्रान्तिको बखान गर्दै आएका छन् । सर्वहारा वर्गलाई हेर्ने भनिएको कम्युनिस्टको सरकार धेरै पटक बन्यो । अहिले पनि त्यही सर्वहारावर्गकै प्रतिनिधित्व गर्ने कम्युनिस्ट नेतृत्वकै सरकार छ । तैपनि किन किसान सधैं पीडित छन् ? किन किसानको समस्यालाई बुझ्ने र त्यसलाई सम्बोधन गर्ने चेष्टा गर्दैन सर्वहारा वर्गलाई हेर्ने सरकारले ? सर्वहारा र दैवहारा किसानहरूको सहयोगी किन बन्न सक्दैन सरकार र राज्य ? किसानका लागि पनि सरकार छ भन्ने अनुभूति कहिले गर्न पाउने हुन् देशका तमाम किसानले ?

कृषिमा आधुनिकीकरण, यान्त्रिकीकरण र व्यवसायीकरणको गफ हाँक्ने सरकारले चाहिएको बेला न कुनै परामर्श दिन्छ, न खेत जोत्ने ट्याक्टर उपलब्ध गराउँछ, न त उत्पादित वस्तुका लागि बजार व्यवस्थापन नै गरिदिन्छ । यस्तो पाराले कसरी हुन्छ कृषिको विकास ? अनि कसरी हुन्छ किसानको जीवनमा उन्नति र प्रगति ? प्रश्नैप्रश्न छन् । उत्तर दिने सरकार मौन छ । सरकारको आँखा कि त सत्तामै मात्र छ, कि त सत्ता टिकाउने दाउमा छ । सरकारको सहानुभूति क्रसर उद्योगलाई छ, तर कृषिलाई छैन । राष्ट्रिय अर्थतन्त्रमा कसको योगदान बढी छ, कृषिको कि क्रसर उद्योगको ?

स्वदेशी उत्पादनले प्रोत्साहन नपाउनु यो देशको सदावहार समस्या हो । यो समस्याको मूल कारण हो बिचौलियाको बिगबिगी र तिनै बिचौलियासँगको सरकार र कर्मचारीतन्त्रको साँठगाँठ । सरकारी अनुदानप्राप्त सस्तो भारतीय उत्पादनसँग प्रतिस्पर्धा गर्न नसक्ने नेपाली कृषि उत्पादनलाई कुनै किसिमको सरकारी सहयोग र प्रोत्साहन छैन । स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्न आयातलाई निरूत्साहित गर्नुपर्ने सरकारले निर्वाध विदेशी उत्पादन आयात गर्न दिएर स्वदेशी उत्पादनलाई विस्थापित नै गर्न खोजिरहेको छ । यसैको विरोधमा किसानले सडकमा दूध पोख्ने हुन्, सडकमै तर कारी फाल्ने हुन् र खाल्डामा पुर्ने हुन् चल्ला र फुल (अन्डा) । यो किसानको असन्तुष्टि र आक्रोशमात्रै होइन, राज्यविरूद्धको विद्रोह पनि हो । तर, राज्यले बुझ्ने प्रयास गरे पो !

गत वर्ष छिमेकी देश भारतबाट मात्रै ७४ अर्ब २८ करोड रूपैयाँभन्दा बढीको खाद्यान्न र ३६ अर्ब ५४ करोड रूपैयाँभन्दा बढीको तरकारी आयात भएको छ । यता स्वदेशमा उत्पादित तरकारीचाहिँ सडकमा फाल्नुपर्ने स्थिति सिर्जना गरेर कृषि र किसानको कसरी उत्थान हुन सक्छ ? कृषि र किसानको उत्थान गर्ने हो भने स्वदेशी उत्पादनलाई नै प्रोत्साहन दिनुपर्छ । उत्पादित वस्तुको बजार व्यवस्थापन र त्यसको उचित मूल्यका लागि सरकारले सहयोग गर्नुपर्छ ।

स्थानीय सरकारले पनि उद्देश्यविपरीत बचत र ऋण लगानीमा मात्रै सीमित स्थानीय सहकारीहरूलाई कृषिमा आबद्ध गरेर कृषि उत्पादनको बजार व्यवस्थापनमा परिचालन गर्न सक्नुपर्छ । कृषि उत्पादनको बजार व्यवस्थापनमा सहकारी संलग्न हुने हो भने बिचौलियाको बिगबिगी पनि कम हुनेछ । उत्पादक किसान र उपभोक्ता सधैं मारमा पर्ने र बिचौलिया मात्रै मोटाउने अवस्थाको अन्त्यका लागि पनि राज्यको तदारूकता र कृषि सहकारीहरूको भूमिका महत्वपूर्ण हुन्छ । किसानको उत्पादनको मूल्य तोक्ने अधिकार किसानकै भए पनि त्यो अधिकारबाट वञ्चित गरिएको छ किसानलाई । बिचौलियाले मूल्य तोक्ने अहिलेको अवस्थाले किसान र उपभोक्ता सधैं मारमा परेका छन् । यो अवस्थाको अन्त्य गर्न पनि सरकारको प्रभावकारी पहल अपेक्षित छ ।

आयातित वस्तुले कृषिवस्तुको माग धानिरहँदा पनि अलिकति पनि लज्जाबोध छैन सरकारलाई । कृषि विकासका लागि भनेर करोडौं खर्चेर बनाइएका दीर्घकालीन रणनीतिहरू सरकारी कार्यालयका दराजमा थन्किएका छन् । तिनको

*बाँकी पृष्ठ ३ मा*

# कानेगुजीले कसरी कानको सुरक्षा गर्छ



कानमा जम्ने कानेगुजीलाई फोहोर मानिन्छ । जसकारण दैनिक रूपमा कानेगुजी झिक्न कान कोट्याउने बानी धेरैको हुन्छ । त्यति मात्र नभई बच्चालाई समेत रूवाएर भएपनि कानेगुजी फोहोर हो भन्ने हिसाबले निकालिदिने गरिन्छ । यसरी दैनिकजसो कानेगुजी झिक्नु कानको स्वास्थ्यको दृष्टिकोणले फाइदाजनक होइन ।

कान स्वस्थ राख्न कानमा कानेगुजी हुनुपर्छ । यो बच्चादेखि वृद्धसम्मको लागि आवश्यक कुरा हो । कानमा हुने कानेगुजीले विभिन्न किसिमको फाइदा गरिरहेको हुन्छ । कानेगुजीले कानको सरसफाइ गर्ने काम गर्छ । कहिलेकाहीं लड्दा बाहिरी कानको जालीमा चोट लागे पनि कानेगुजी भएकै कारण कानको जालीभित्र चोट लाग्न दिंदैन । यदि कानेगुजी छ भने कानभित्र कीरा पसेमा जालीलाई धेरै क्षति गर्न सक्दैन ।

कान कोटाइहाल्यो भने पनि जालीभित्र पर्ने असरलाई कानेगुजीले रोक्न सक्छ । कानमा हुनसक्ने सानोतिनो संक्रमण कानेगुजीमा हुने एन्टीबायोटिक र एन्टी फंगल तत्वले निको पार्छ ।

कानेगुजी अत्यधिक भएर कानको जालीलाई नै अवरोध गरेर कान नै नसुन्ने अवस्था छ भने मात्र चिकित्सक वा पारामेडिक्सको सहयोगमा औषधि हालेर सुरक्षित किसिमले निकाल्नुपर्छ । जथाभावी आफैंले कान कोट्याएर निकाल्न हुँदैन । आफैं निकाल्दा थोरै मात्र निकाल्न सकिन्छ । र, ९० प्रतिशत निकाल्न खोज्दा कानेगुजी झनै कानको भित्रीभागमा धकेलिन्छ । परिमाणस्वरूप कानेगुजी कडा हुँदै बढ्दै जान्छ ।

### कानको समस्याबाट कसरी जोगिने ?

कान संवेदनशील अंग हो । कानको रोग पनि ठूलो स्वास्थ्य समस्या हो भनेर लिनुपर्छ । कानमा संक्रमण हुन नदिने र भएमा बेवास्ता नगर्ने, उच्च ध्वनि हुने ठाउँमा बस्नुहुँदैन । हेडफोनमा लामो समयसम्म ठूलो स्वरमा संगीत सुन्नु हुँदैन । कन्सर्ट र रेस्टुरेन्टमा हुने लाइभ म्युजिकको आवाज लामो समयसम्म सुन्नु, हेडसेटमा चर्को आवाज सुन्नु, लामो समयसम्म म्युजिक ठूलो पारेर सुन्नु, र ठूलो ठूलो आवाज आउने ठाउँमा काम गर्नु कानको लागि हानिकारक हुन्छ । यसले सुन्ने क्षमता कम गराउँछ । त्यसबाहेक कानको समस्याबाट जोगिन बेलाबेलामा कानको परीक्षण गराइरहनुपर्छ ।

# बारीमा जाऊँ ... . .

कार्यान्वयनमा सरकारको चासो छैन । आयातबाट उठ्ने राजस्वले सरकारको आँखामा पर्दा लागेको छ । त्यसैले आफ्नै देशको कृषिको पतनले परनिर्भरता बढेको र अर्थतन्त्रमा जोखिम बढेको पनि देख्दैन सरकारले । बरू कृषिमा लाग्ने जनशक्तिलाई निर्यात गरेर रेमिटेन्स भित्र्याउने सपना देख्छ, तर कृषिलाई उठाउने आवश्यकता ठान्दैन कहिल्यै ।

सरकारको नीति तथा कार्यक्रम घोषणा गर्ने बेलामा राष्ट्रिय अर्थतन्त्रमा कृषिको योगदान सर्वाधिक रहेको सगर्व घोषणा गर्छन्, तर बजेट विनियोजन गर्ने बेलामा कृषिलाई बिर्सन्छन् । त्यसैले कुल राष्ट्रिय बजेटको जम्माजम्मी २ वा ३ प्रतिशत बजेट कृषिका लागि छुट्ट्याउँछन् । अनि त किसानहरू 'बारीमा जाऊँ भविष्य छैन, खाडीमा जाऊँ उमेर छैन' भन्दै मनको पीडा पोख्न बाध्य हुन्छन् ।

सरकारले कृषिमा अनुदानको नीति त अँगालेको छ । तर, त्यो झोले अनुदान नीतिले वास्तविक किसानहरू लाभान्वित हुन सकेका छैनन् । त्यस्तो अनुदान केही ठूला र पहुँचवाला किसान र लालपुर्जा खल्तीमा बोकेर हिँड्ने गैर किसानले पाएका छन् । त्यसैले त्यस्तो अनुदानको सदुपयोगभन्दा दुरूपयोग धेरै भएको छ । वास्तविक किसान पहिचान गर्नमै सरकार चुकेको छ । कृषि पतनोन्मुख हुनु र किसानहरू विस्थापनको स्थितिमा पुग्नुको मुख्य कारण राज्यको उपेक्षा र उदासीनता नै हो । त्यसैले किसानहरू दोधारमा छन्, बारीमा जाऊँ कि खाडीमा ?

# दाँत कीराले खाएमा उखेल्नु उचित होला र ?

पछिल्लो समय आम नागरिकमा रोगबारे सचेतना बढ्दै गएको छ । तर मुख तथा दन्त स्वास्थ्यमा भने त्यति चासो दिइएको पाइँदैन । सामान्य लाग्ने दन्तरोग प्रायःजसो व्यक्तिमा पाइन्छ । यो जुनसुकै उमेरमा पनि लाग्न सक्छ ।

स्वस्थ छौं भने पनि दाँतको सरसफाइ नहुँदा दाँत कमजोर हुँदै कीरा लाग्नेदेखि विभिन्न मुख तथा दन्त समस्या देखा पर्न सक्छ । जसमध्ये सबैभन्दा बढी देखिने भनेको दाँतमा कीरा लाग्ने समस्या हो । यसको समयमा उपचार नहुँदा दाँत नै काम नलाग्नेसम्मको अवस्था आउँछ ।

### दाँतमा कीरा लाग्ने कारण

दाँतमा कीरा विभिन्न कारणले लाग्छ । खानेकुरा खाएपछि राम्रोसँग सफा नहुँदा दाँत फोहोर हुन्छ र कीरा लाग्छ । चिनीजन्य खानेकुरा अत्यधिक खाँदा दाँतमा अड्किने, टाँसिने, चिउरा, रोटी, चाउचाउ, बिस्कुट जस्ता अन्य खानेकुरा खाएपछि मुख कुल्ला गरिएन भने दाँतमा कीरा लाग्ने सम्भावना बढी हुन्छ ।

दाँतमा अड्किएर बसेको जीवाणु सडेपछि त्यसले एसिड उत्पादन गर्छ । त्यो खानेकुराले बिस्तारै दाँतलाई नरम बनाउँदै लैजान्छ र दाँतमा भएको खनिज खिइँदै जान्छ । खनिज दाँतलाई बलियो बनाइराख्ने तत्व हो । दाँत खिइँदै पनि जाने भएकाले खानेकुरा झनै अड्किंदै जान्छ । कीरा लाग्दै गयो तर सरसफाइमा ध्यान दिएन, दन्त परीक्षण गराइएन भने दाँतको भाग खिइँदै गएर दाँतमा खाल्टो पर्न जान्छ । खाना अड्किने क्रम बढ्दै गएपछि त्यसलाई निकाल्न टुथपिक जस्ता वस्तु प्रयोग गर्नुपर्छ । कीरा लागेको दाँतको नसासम्म पुग्छ र दाँत दुखेको महसुस हुन्छ ।

### दाँतमा कीरा लागेपछि

दाँतमा कीरा लागेको जति छिटो थाहा पायो त्यति नै उपचार सहज र प्रभावकारी हुने भएकाले सकेसम्म ६ महिनामा एकपटक वा वर्षको एकपटक दन्त परीक्षण गराउनुपर्छ ।

दाँतमा कीरा लाग्न थालेपछि दाँतको सतह कालो हुँदै जान्छ । दाँतमा भर्खरै कीरा लाग्न थालेको छ भने सिमेन्ट लगाएर भर्न सकिन्छ । त्यस्तै कीरा लागेर दाँत खाल्डो भइसकेको छ भने दुई चरण गरेर सिमेन्ट लगाउन सकिन्छ ।

दाँत दुखेको, सुन्निएको र हल्लिएको छ भने दाँतलाई जरासम्म कीराले खाइसकेको बुझ्न सकिन्छ । त्यसका रूट क्यानल उपचार (आरसीटी) गर्नुपर्ने हुन्छ । यो जरासम्म उपचार गर्ने विधि हो, सिमेन्ट भर्ने जस्तो सहज हुँदैन । आरसीटी उपचारको प्रक्रिया केही लामो पनि हुनसक्छ । आरसीटी गरेपछि अनिवार्य क्याप लगाउनुपर्छ, जसले दाँतलाई थप बलियो मनाउन मद्दत गर्नुका साथै दाँतको आयु पनि बढाउँछ ।

कीराले खाएर पनि दाँत र गिजाको केही टुक्रा मात्र छ भने पनि त्यसको बचाउको लागि उपचार गर्न सकिन्छ । पहिला आरसीटी गरिसकेपछि दाँतको भित्रपट्टि पिल्लर जस्तो सपोर्टको रूपमा पोस्ट एण्ड कोर ठड्याउने गरिन्छ । त्यसको माथिपट्टि दाँतको आकारमा सिमेन्ट भरिन्छ । पोस्ट एण्ड कोर प्रिफेब्रिकेटले बनेको हुन्छ । यो पद्धति पनि उपचार गराउन सम्भव नभएको अवस्थामा अन्तिम विकल्प दाँत झिक्ने हुन्छ । त्यो भनेको एक्स–रे गरेर हेर्दा हड्डी र गिजाको तह नै नभएको खण्डमा दाँत निकाल्ने अवस्था आउँछ । जुन विरलै हुन्छ ।

### दाँतमा सिमेन्ट कसरी भर्ने ?

कीराले खाएको दाँत विभिन्न फ्लोराइडयुक्त सिमेन्टले भरिन्छ । फ्लोराइडयुक्त सिमेन्टले दाँतलाई कीरा लाग्नबाट बचाउँछ भने खनिजको अभाव हुन पनि दिंदैन ।

बच्चामा ग्लास आइनोमर सिमेन्ट जीआईसी भन्ने सिमेन्टले दाँत भरिन्छ । यो कीराले पार्ने क्षतिविरूद्धको लडाइँमा ठूलो भूमिका खेल्छ । यसले फ्लोराइड प्रदान गर्ने भएकाले दाँतलाई कीराले खाने सम्भावना निकै कम हुन्छ । वयस्कहरूमा कम्पोजिट भन्ने सिमेन्ट भरिन्छ । यो भरि सकेपछि सिमेन्ट दाँत जस्तै देखिने र बलियो भएकाले कम्पोजिट रूचाउँछन् । जुन पानी र र्‍यालसँग पनि नघुलिने हुन्छ । कम्पोजिट विभिन्न प्रकारको हुन्छ । सबैभन्दा राम्रो मानिएको कम्पोजिट ब्युटीबोन्ड कम्पनीको हो । पहिला भने चाँदीको सिमेन्ट भर्ने पनि चलन थियो । शरीरको लागि हानिकारक तत्व मर्क्युरी हुने भएकाले अहिले त्यो पद्धति अपनाँदैन ।

### दाँत भर्दा कति प्रभावकारी ?

सिमेन्ट भरेपछि पहिलेजस्तै दाँत बलियो हुँदैन, तर दाँत भर्नु प्रभावकारी उपचार भने हो । यसको लागि सकेसम्म आफ्नो दाँत सफा र स्वस्थ बनाउन ध्यान दिनुपर्छ । दाँत भरेकाहरूले पनि दाँतको सरसफाइ र हेरचाहमा ध्यान दियो भने धेरै समयसम्म सिमेन्ट रहन सक्छ । त्यसैले सिमेन्ट भरेको यति टिक्छ भन्ने किटान गरिएको हुँदैन तर जति धेरै कीराले खाएको ठाउँ सिमेन्टले भरिएको छ ।






# विद्यालयमा रैथाने बालीको परिकार बनाउने तालिम



◆ विकास संवाददाता

मकवानपुरगढी गाउँपालिका भित्रका विद्यालयहरूमा दिवा खाजामा रैथानेबालीको परिकार समावेश गर्ने उद्देश्यले विद्यालयमा खाजा बनाउन संलग्न कर्मचारीहरूलाई दुई दिने परिकार बनाउने तालिमको शुरू भएको छ ।

पहिलो चरणको तालिममा वडा न १, २, ३, ४ र ६ का गरि १५ वटा विद्यालयलाई सहभागी गराइएको छ । तालिममा विद्यालयमा खाजाको रूपमा पकाउन सकिने परिकारहरू कोदो र फापरको हलुवा, नमकिन, फुलौरा पकाउन सिकाइएको गाउँपालिकाका कृषि शाखा प्रमुख चन्द्रकान्त चौधरीले बताए । तालिम पश्चात उक्त विद्यालयहरूमा हप्ताको एक दिन रैथानेबालीको परिकार खुवाउन शुरूवात गरिने बताइएको छ ।

मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तानको अध्यक्षतामा मकवानपुरगढी-२, आनन्द होमस्टेमा संचालन भएको तालिमको उद्घाटन कार्यक्रममा वडा नं २ का वडाध्यक्ष बखान सिं पाखिन लगायतकाको सहभागीता रहेको थियो ।

२९ पौषमा भएको कार्यपालिकाको बैठकबाट हरेक विद्यालयमा हप्ताको एक दिन विहिबार स्थानीय एवम् रैथानेबालीको परिकारलाई विद्यालय दिवा खाजामा समावेश गर्ने निर्णय भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामकुमार पुडासैनीले बताए ।

# थाहानगरका शिक्षा शाखा प्रमुख रेग्मीले विदाइ

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको शिक्षा शाखा प्रमुख शोभाकर रेगमीलाई विदाई गरिएको छ । अधिकृत दशौं तहका रेग्मीले १ पुसमा दिनूभएको राजिनामा स्वीकृत भएपछि उनलाई नगरपालिकाले एक कार्यक्रमको आयोजना गरी विदाइ गरेको हो । रेगमीले स्वेच्छिक अवकाश लिएका हुन् । उनको राजिनामा नेपाल सरकार सचिवस्तरको निर्णयबाट पौष ६ गते संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्वीकृत गरेको हो ।

पालुङ जेसिज हलमा १९ माघमा थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अजित घिमिरेको अध्यक्षतामा भएको कार्यक्रममा रेग्मीको योगदानको चर्चा समेत गरिएको थियो । नगर प्रमुख विष्णु बहादुर विष्टको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा रेग्मीले बिताएको १२ वर्षको अनुभव सुनाउदै आफू वि.सं. २०५७ सालमा विद्यालय निरीक्षकको रूपमा



हालको थाहानगरमा पाइला टेकेको स्मरण गर्दै १२ वर्षको कार्यगत अनुभव सुनाएका थिए । रेग्मीले नगरको शिक्षा शाखाका कर्मचारी तथा विद्यालयका प्रधानाध्यापकहरूलाई आफ्नो धरातल र हैसियत नबिर्सन आग्रह गर्दै काम गर्दा कानुन नीति नियम बाहिर गएर नगर्न आग्रह गर्दै शिक्षो सवबेदनसिल क्षेत्रमा खेलवाड नगर्न आग्रह गरे।

नगर प्रमुख विष्टले थाहा नगरपालिकाको शैक्षिक शुद्धीकरणमा शिक्षा शाखा प्रमुख रेगमीले पुऱ्याएको अतुलनीय योगदानको थाहानगरले सदैव कदर गरिरहने बताए । शैक्षिक क्षेत्रको अभिभावकको रूपमा रेगमीले बनाएको शैक्षिक सुधारको खाका तथा दस्तावेजलाई नगरपालिकाले सदा पालना गरिरहने बताउँदै आगामी जीवन परिवार र समाजको निम्ति लागिरहन शुभकामना दिए । कार्यक्रममा नगर शिक्षा समितिका सदस्यहरू, नगर शिक्षा अधिकृत माधव बिक्रम मल्ल, थाहानगर भित्रका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरू, नगरपालिकाका शाखा प्रमुखहरू कर्मचारीहरूको उपस्तिथि रहेको थियो ।

धादिङ जिल्ला गंगाजमुना गाउँपालिका वडा नम्बर ७ स्थायी घर भएका रेग्मी २०५३ सालबाट स्थायी नियुक्ती भै सरकारी सेवामा थिए ।

# जग्गा अतिक्रमण रोक्न सार्वजनिक सूचना

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ६ ले सार्वजनिक जग्गा अतिक्रमण रोकथामको कार्य शुरू गरेको छ ।

वडा कार्यालयले ६ माघमा सूचना प्रकाशन गरी वडा भित्र सार्वजनिक जग्गाको अतिक्रमण तिव्र हुँदै गैरहेको भन्दै सार्वजनिक जग्गा अतिक्रम रोक्न आग्रह गरेको छ । सुचनामा वडा भित्र सार्वजनिक जग्गा अतिक्रम तिव्र रूपमा भैरहेको र अतिक्रमण कार्य नरोकिएको हुँदा अतिक्रम रोक्न सुचना प्रकाशित गरिएको जनाइएको छ ।

प्रकाशित सूचनालाई अटेर गरि अतिक्रमण नरोकिए कानुनी कार वाही गरिने समेत चेतावनी दिइएको छ । वडा अध्यक्ष राजनभक्त श्रेष्ठको हस्ताक्षर सहित आएको सूचना जारी गरिएको हो । स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार स्थानीय सार्वजनिक जग्गा स्थानीय तहले संरक्षण गर्नुपर्ने अधिकार क्षेत्र भित्र रहेको छ । वडा कार्यालयले प्रकाशन गरेको सूचना कानुन संवत रहेको छ ।

# सुस्मिताको हत्यारालाई जन्मकैद

◆ विकास संवाददाता

जिल्ला अदालत मकवानपुरले हेटौंडा उपमहानगरपालिका ४ की २४ वर्षीया सुस्मिता केसीको परिवारबाटै हत्या गरेको ठहर गर्दै ससुरा, नन्दद्वय र ज्वाइँलाई जन्मकैद फैसला सुनाएको छ । जिल्ला अदालत मकवानपुरका न्यायाधीश श्रीप्रसाद सन्जेलको शुक्रबार बसेको ईजलासले ५८ वर्षीय ससुरा प्रकाश थापा, जेठी नन्द दुर्गा थापा, कान्छी नन्द सीता थापा र ज्वाइँ अरूण कार्कीलाई जनही २५ वर्ष जन्मकैद र सुस्मिताकी सासूलाई हत्याको मतियार ठहर गरी १० वर्ष कैदको फैसला गरेको हो ।

# माघ २९ बाट स्थानीय तह सहिद स्मृति मकवानपुर गोल्डकप फुटबल प्रतियोगिता हुने

◆ विकास संवाददाता

यस वर्षको स्थानीय तह सहिद स्मृति मकवानपुर गोल्डकप फुटबल प्रतियोगिता यही माघ २९ गतेबाट हुने भएको छ । ७ माघमा बसेको आयोजक मकवानपुर जिल्ला फुटबल संघको कार्यसमिति बैठकले पाँचौ संस्करणको मकवानपुर गोल्डकप माघ २९ देखि फागुन ११ गतेसम्म गर्ने निर्णय गरेको हो ।

यसअघि फागुन ४ गतेबाट प्रतियोगिता गर्ने भनिए पनि उक्त समयमा अन्य गोल्डकप हुने भएकोले २९ गतेबाट गर्ने निर्णय गरिएको हो । कार्यसमिति बैठकले संघ अध्यक्ष टीकाराम लामालाई प्रतियोगिताको संयोजकको जिम्मेवारी दिने निर्णय गरेको छ । १२ टिमको सहभागिता रहने यस प्रतियोगिताको विजेताले नगद १५ लाख र उपविजेताले १० लाख रूपैयाँसहित टूफी र प्रमाणपत्र प्राप्त गर्नेछ। अघिल्लो बर्षहरूमा प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले बुलेट मोटरसाइकल प्राप्त गर्दै आएका थिए ।

यस बर्षपनि बुलेटको लागि प्रायोजक हेटौंडा स्कुल अफ म्यानेजमेण्टसँग प्रस्ताव गरिने आयोजकले बताएको छ । प्रतियोगिताको विधागत उत्कृष्ट खेलाडी तथा प्रशिक्षकले नगदसहित टूफी प्राप्त गर्नेछन् । प्रतियोगिताको लागि १ करोड ४१ लाख रूपैयाँ खर्च हुने आयोजकको अनुमान छ । आयोजकले प्रतियोगिताको तयारीलाई तीव्र पारेको छ। प्रतियोगिता हेटौंडा ५ स्थित पिप्ले-क्याम्पा रंगशालामा हुनेछ । यस प्रतियोगितालाई बागमती प्रदेश खेलकुद विकास परिषद्सहित यहाँका स्थानीय तहहरूले आर्थिक सहयोग उपलब्ध गराउँदै आएको छ ।

मकवानपुर गोल्डकपको चौथो संस्करण घरेलु टोली विजय यूथ क्लवलाई हराउँदै त्रिभुवन आर्मी फुटबल क्लवले जितेको थियो ।

# श्री गौतमको कारोबार ५ करोड ५६ लाख

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको शिखरकोटमा कार्यलय रहेको श्री गौतम बचत तथा ऋण सहकारी संस्थाको ११ औं वार्षिक साधारणसभा भएको छ । संस्थाको साधारणसभा ७ माघमा विकास घरमा भएको हो ।

संस्थाका अध्यक्ष राजेश केसीको अध्यक्षतामा भएको साधारणसभामा जिल्ला सहकारी संघका कोषाध्यक्ष बिमल कुमार ढकालको प्रमुख आतिथ्यता रहेको थियो । प्रमुख अतिथी ढकालले सहकारीको मूल्य र मान्यतालाई आत्मसात गर्दै अहिलेको आर्थिक मन्दीबाट सहकारी क्षेत्रमा परेको असर कम गर्न सहकारीको सञ्चालकको भूमिका महत्वपूर्ण हुनुपर्ने बताए । उनले बचत तथा ऋण सहकारी अभियानको जन्म एकल होइन सामूहिक सहकार्यको भावनाबाट भएको र आज जस्तै अन्य समयमा पनि हुने र हुन सक्ने बाधा अड्चनको समयमा बचत तथा ऋण सहकारी संस्थाहरू सदस्य सुरक्षाका लागि सद्भावपूर्ण सहकार्यको माध्यमबाट अगाडि बढ्नुको विकल्प नभएको उल्लेख गरे ।

साधारणसभामा संस्थाको वार्षिक कारोवार ५ करोड ५६ लाख रहेको प्रतिवेदन प्रस्तुत गरिएको थियो। कार्यक्रममा वडा नम्बर ३ का सदस्य कृष्ण कुमार कार्की, चेतनशील महिला सहकारीका अध्यक्ष शकुन्तला गोपाली लगायतले शुभकामना दियका थिए ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN&FLEX PRINT&PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको व्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# थाहाकी रेजा निबन्ध प्रतियोगितामा प्रथम



◆ विकास संवाददाता

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाले आयोजना गरेको निबन्ध प्रतियोगितामा रेजा विष्ट प्रथम भएकी छिन् । नवदय शिशुसदन हेटौंडा-४ मा अध्ययनरत विष्टले प्रतियोगिताका ९५ प्रतिस्पर्धीलाई पछि पार्दै प्रथम भएकी आयोगका उपसचिव विष्णु प्रसाद सापकोटाले जानकारी दिए ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको ३२ औं स्थापना दिवसको अवसर मा आयोजित माध्यमिक तहस्तरीय निबन्ध प्रतियोगितामा १० कक्षामा अध्ययनरत विष्ट प्रथम भएकी हुन् । रेजा थाहा नगरपालिका वडा नम्बर ३ की हुन् । उनी हेटौंडामा बसेर अध्ययन गरिरहेकी छिन् । प्रतियोगितामा काठमाण्डौं मोडेल सेकेण्डरी स्कुलमा कक्षा १२ मा अध्ययनरत आकांक्षा पाण्डे द्वितीय र पोलार स्टार सेकेण्डरी इङ्लिस बोर्डिङ स्कूल भरतपुर-८ चितवनमा कक्षा ११ मा अध्ययनरत आदित्य सापकोटा तृतीय भएका छन् ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडाको निबन्ध मुल्याङ्कन समितिको १५ माघमा भएको बैठकको निर्णयबाट नतिजा सार्वजनिक गरिएको उपसचिव सापकोटाले जानकारी दिए । प्रतियोगितामा बागमती प्रदेशका विद्यालयका माध्यसमक तहमा अध्ययनरत बालबालिकाको सहभागिता रहेको थियो ।

# आलु खेतीमा लाग्ने रोग सम्बन्धी विज्ञ सेवा सम्बन्धी छलफल

◆ विकास संवाददाता



मकवानपुर थाहा नगरपालिका वडा नम्बर ९ चित्लाङमा किसानहरूका लागि आलु खेती बालीमा लाग्ने रोग सम्बन्धी विज्ञ सेवा प्रदान गरिएको छ ।

चित्लाङमा रहेको मदनभण्डारी विश्वविद्यालय, थाहा नगरपालिका वडा नम्बर ९ तथा स्वच्छन्द साना किसान कृषि सहकारी संस्था लि.को संयुक्त आयोजनामा विज्ञ सेवाका विषयमा छलफल भएको थियो । कार्यक्रममा थाहा नगरपालिका वडा नम्बर ९ का वडाध्यक्ष राजकुमार बलामी, सदस्य अन्जु श्रेष्ठ, वडा नम्बर ९ र १० की कृषि प्राविधिक कमला सुवेदी, मदनभण्डारी विश्वविद्यालयका डाक्टर अनुपमा श्रेष्ठ, डाक्टर रामेश्वर राइ, डाक्टर भुषण श्रेष्ठ, आलु विशेषज्ञ डाक्टर सर्वेश दास डंगोल लगायतकाको सहभागिता थियो ।

कार्यक्रममा स्वच्छन्द साना किसान कृषि सहकारी संस्था लि. की प्रबन्धक शुक्ला गोपाली तथा सञ्चालक समितिका सदस्यहरू र वडा सदस्यहरू र किसानहरूको सहभागिता रहेको थियो । छलफलमा आलुमा लाग्ने रोगको विषयमा मदनभण्डारी विश्वविद्यालयका कृषि विज्ञहरूले किसान तथा सहभागीहरूलाई प्राविधिक विज्ञ सेवा प्रदान गरेका थिए ।

थाहा नगरपालिका वडा नम्बर ९ को कार्यालय र मदनभण्डारी विश्वविद्यालयको सहकार्यमा वडा तथा विश्वविद्यालयका कृषि प्राविधिक, विज्ञ तथा किसानबीच विज्ञ सेवा तथा कृषि प्राविधिक सेवाका विषयमा संयुक्त रूपमा विविध कार्यक्रमहरू संचालन हुँदै आएको छ । किसानहरूको सहजता र फाइदाका लागि कृषि केन्द्रित कार्यक्रमहरू संचालन गरिने वडाध्यक्ष राजकुमार बलामीले बताएका छन् ।

# गोरखनाथमा सामुहिक ब्रतबन्ध गरिने

◆ विकास संवाददाता

मकवानपुरको प्रसिद्ध गोरखनाथ मन्दिरमा २७ माघमा सामूहिक व्रतबन्ध कार्यक्रम आयोजना गरिएको छ ।

थाहा नगरपालिका वडा नंम्बर ३ मा रहेको गोरखनाथ मन्दिरमा गोरखनाथ कल्याण केन्द्रको आयोजनामा सामुहिक वर्तबन्ध कार्यक्रम आयोजना गरिएको सो संस्थाले जनाएको छ ।

व्रतबन्ध गर्न चाहने अभिभावकहरूले आफ्ना बटुकहरूको नाम टिपाउन संस्थाले अनुरोध गरेको छ । व्रतबन्ध कार्यक्रम विहान १० बजे शुरू हुने जनाइएको छ ।

# थाहानगरको अर्को पर्यटकीय गन्तव्य 'तारेभिर'

◆ विकास संवाददाता

मकवानपुरको पर्यटकीय नगर थाहा नगरपालिकाको तारेभिरु अर्को पर्यटकीय गन्तव्यको रूपमा विकास हुँदै गएको छ । थाहा नगरपालिका वडा नम्बर ४ र भिमफेदी गाउँपालिकाको सिमानामा पर्ने तारेभिर सुर्यास्तको अवलोकन गर्न पर्यटकहरू आकर्षित भएका छन् ।

थाहा नगरपालिकाको सिमभनज्याङ तथा भिमफेदी गाउँपालिकाको मैत्री बगैचा नजिकैको मोडबाट करिब २०/२५ मिनेटको पैदल यात्रामा पुगिने तारेभिर दुइ पालिकाको साझा पर्यटकीय प्वाइन्टको रूपमा विकास हुँदै गएको छ । नजिकै ऋषेश्वर मन्दिरबाट पनि ट्रेकिङ गरी पुग्न सकिने तारेभिर आन्तरिक तथा बाह्यि पर्यटकहरूका लागि असली गन्तव्य हुने पर्यटन व्यवसायीहर बताउँछन् ।

तारेभिरबाट उत्तरतिर दन्त लहर झै 'हिमालय रेन्च' र पश्चिममा सुर्यास्तको दृश्य एकै स्थानबाट देखन सकिन्छ । ऋषेश्वर सामुदायिक वन क्षेत्रमा पर्ने उक्त पर्यटकीय प्वाइन्ट हरियाली र प्राकृतिक सौन्दर्यताले समेत भरिपूर्ण छ ।

# पालिका अध्यक्ष शोकमा

◆ विकास संवाददाता

मकवानपुर राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्ललाई मातृशोक परेको छ । गाउँपालिका अध्यक्ष मल्लकी आमा तेजकुमारी मल्लको ७९ वर्षको उमेरमा ६ माघमा निधन भएको हो । दमरोगबाट समेत पीडित हुँदै आएकी तेजकुमारीको निवासमै निधन भएको हो । उनका ३ छोरा र ३ छोरी छन् ।

पालिका अध्यक्ष मल्लकी आमाको असमायिक दुःखद् निधन भएकोमा विकास खबरपत्रिका परिवार मर्माहित छौं। शोकको यस घडिमा स्वर्गिय आत्माको चीर शान्तिको कामनासहित हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारमा गहिरो समवेदना प्रकट गर्दछौं ।

# प्रश्नपत्र निर्माण कार्यशाला तथा थाहानगर कल्सटर गठन




◆ विकास संवाददाता

नेल्टा मकवानपुरले थाहा नगर पालिका अंग्रेजी भाषा शिक्षकहरूको लागि एकदिने प्रश्नपत्र निर्माण कार्यशाला तथा कल्सटर निर्माण कार्यक्रम १३ माघमा गरेको छ । कुन्छालको सुनौलो विकास केन्द्रको सभाहलमा कार्यक्रम भएको हो । नेल्टा मकवानपुरका अध्यक्ष संगम चौलागाईंको सभाअध्यक्षतामा भएको कार्यक्रममा अंग्रेजी भाषा विषयका प्रशिक्षक सरोज लामिछाने आधारभूत तथा माध्यमिक विषयका अंग्रेजी विषयको पाठयक्रम तथा, बिशिष्टिरण तालिका अनुरूप विषयगत तथा वस्तुगत प्रश्नपत्र निर्माणको ढाँचा तथा तरिकाका बारेमा छलफल गरिएको थियो । कार्यक्रममा पालिकाका कुल ४९ जना अंग्रेजी भाषा शिक्षकहरूको उपस्थिति रहेको थियो ।

यसैगरी सुनौला माविका शिक्षक सतल उप्रेतीको संयोजकत्वमा सबै वडाको प्रतिनिधित्व हुनेगरी १३ सदस्यीय थाहा कल्सटर पनि गठन गरिएको थियो । कार्यक्रममा मकवानपुरका उपाध्यक्ष उत्तम अर्याल तथा सहसचिव सुरेश रेग्मीको पनि उपस्थिति रहेको थियो । कार्यक्रममा बोल्दै अध्यक्ष चौलागाईले यस महिनाको अन्त्यसम्ममा सबै पालिकाहरूमा कल्सटर निर्माण गर्ने जानकारी गराए ।

सुनौलो सामुदायिक केन्द्र तथा थाहा नगरपालिकाले सहयोग गरेको कार्यक्रम सुनौलो सिकाइ केन्द्रका अध्यक्ष तथा नेल्टाका सदस्य रूपचन्द्र गोपालीले समन्वय गरेका थिए ।

# सिविआर कार्यक्रम संचालन गर्न थाहानगरबाट प्रस्ताव आव्हान

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकाले समुदायमा आधारित पुर्नस्थापना कार्यक्रम संचालन गर्न प्रस्ताव आव्हान गरेको छ । पालिकाले ६ माघमा सूचना प्रकाशित गरी प्रस्ताव माग गरेको हो ।

थाहानगरस्तरीय सिविआर समन्वय तथा अनुगमन समितिको बैठकको निर्णय अनुसार शर्तहरू राखी सूचना प्रकाशित गरेको थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अजित घिमिरेले जानकारी दिए । सूचना प्काशित मितिले १५ दिन भित्र कार्यक्रम संचालनको प्रस्तावना, संस्था दर्ता तथा नवीकरणको प्रमाणपत्र, संस्थाको कार्या अनुभव खुल्ने प्रमाण, अन्तिम लेखा परीक्षण प्रतिवेदन, समाज कल्याण परिषदको आवद्धता प्रमाण पत्रलगायतको कागजात संलग्न राखी प्रस्ताव पेश गर्न सूचनामा भनिएको छ ।

कार्यक्रम संचालनका लागि कुल ३ लाख बजेट रहेको सूचनामा उल्लेख छ । थाहा नगरपालिकालाई केन्द्रित गरेर कार्यालय संचालन गरेको संस्थालाई प्रमाथमिकता दिइने प्रकाशित सुचनामा उल्लेख छ ।

# जन्मदिनमा विद्यार्थीलाई शैक्षिक सामाग्री

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ४ का यादवजंग रायमाझीले आफ्नो जन्म दिनको अवसरमा बालबालिकालाई शैक्षिक सामाग्री वितरण गरेका छन् ।

रायमाझीले आफू अध्ययन गरेको थाहा नगरपालिका वडा नम्बर ३ को सेतिगणेश आधारभूत विद्यालयका विद्यार्थीहरूलाई १० माघमा शैक्षिक सामाग्री बाँडेका हुने । विद्यार्थी तथा शिक्षकहरूको उपस्तिथि रहेको शैक्षिक सामाग्री वितरण समारोहमा रायमाझीले आफुले अध्ययनरत विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न मिलेर पहल गर्ने बताउदै अवसर प्रदान गरेकोमा विद्यालय परिवारलाई धन्यवाद व्यक्त गरेका थिए ।

रायमाझी फरक सोचका संयोजक हुन् ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफु मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# एकालाल श्रेष्ठः विद्यार्थी राजनीतिदेखि मन्त्रीसम्म

◆ विकास संवाददाता

बागमती प्रदेशमा आज मात्र मन्त्रीमा नियुक्त हुनु भएका नेकपा एमालेका विद्यार्थी राजनीतिदेखि मन्त्री सम्म पुग्नु भएको छ । बागमती प्रदेशमा शालिकराम जम्मकट्टेलको नेतृत्वमा बनेको सरकारमा श्रम, रोजगार तथा यातायात मन्त्रालयको जिम्मेवारी पाउनु भएको हो ।

हेटौंडा स्थायी घर भएका श्रेष्ठले मकवानपुरमा बिद्यालय स्तरको राजनीति सुरू गरेर मन्त्री सम्म बन्नु भएको हो । नेकपा एमाले मकवानपुरका अध्यक्ष समेत रहनु भएका श्रेष्ठले जिल्लाको क्षेत्र नम्बर–१ को प्रदेशसभा (२) बाट चुवानमा विजयी हुनु भएको थियो ।

मंसिर ४ गते भएको प्रतिनिधि सभा र प्रदेशसभा चुनावमा प्रदेशसभा तर्फबाट उम्मेदवार बन्नु भएका श्रेष्ठले नेपाली कांग्रेसका आनन्द पराजुलीलाई पराजित गर्दै सांसदमा विजयी हुनु भएको थियो । हेटौंडा उपमहानगरपालिका वडा नम्बर–१ चौकिटोलमा २०२७ साल साउन १७ गते जन्मनु भएका श्रेष्ठ बुबा–भिमलाल श्रेष्ठ र आमा चन्द्र कुमारी श्रेष्ठका छोरा हुनुहुन्छ । हेटौंडाको शिद्धार्थ माविमा पढदै गर्दा ०४४ साल देखिनै अनेरास्ववियुबाट बिद्यार्थि राजनीति सुरू गरे । २०४५ सालमा अनेरास्ववियु जिल्ला कमिटी सदस्य, कोषध्यक्ष, उपाध्यक्ष हुँदै २०५२ सालमा अनेरास्ववियुको जिल्ला कमिटी अध्यक्ष बने ।

वि.सं. २०४६ सालको आन्दोलनमा बिद्यार्थीको नेतृत्व गर्दै आन्दोलनमा होमिदा एक महिना जेल समेत पर्नुभयो । अनेरास्ववियुको अध्यक्षको हुदै दुई कार्यकाल केन्द्रीय सदस्य, सचिवालय सदस्य, मध्यमाञ्चल प्रमुख समेत भएर काम गरेको २०५२ देखि २०५७ सम्म



काम गरे । २०४८ सालमा एमालेको पार्टी सदस्यता प्राप्त गर्नु भएका एकालाल श्रेष्ठ हेटौंडा १ न . वडाको पहिलो पार्टी सदस्य बनेका थिए । २०४९ साल हेटौंडा–१ वडा पार्टी कमिटीको पहिलो अध्यक्ष समेत बने ।

२०५० सालमा नगर कमिटीको सदस्य हुदै उपसचिव भएर नेतृत्व गर्नुभएका उनी २०६१ सालमा एमाले मकवानपुरको जिल्ला कमिटी सदस्य भएको थियो । २०६२/०६३ को आन्दोलनमा सक्रिय रूपमा सहभागि हुँदै ठाउँठाउँको आन्दोलनको नेतृत्व गरेको र आन्दोलनको अगुवाइ गर्दा पटक/पटक प्रहरीद्वारा पक्राउ समेत परेको थियो । २०७२ सालमा एमाले मकवानपुरको सचिव हुँदै २०७७ साल पुसमा पार्टीको जिल्ला अध्यक्ष र २०७८ साल पुसमा जिल्ला अधिवेशनबाट एमाले मकवानपुरको अध्यक्षका रूपमा काम गर्दै आएको छ । उनी पार्टीमा मात्र होइन । संघसंस्थामा आवद्धतामा पनि आवद्ध छन् । नेपाल बुद्धीचाल संघमा महासचिव हुँदै केन्द्रीय अध्यक्षका रूपमा काम गरेको अनुभव र खेलकुद क्षेत्रमा राष्ट्रिय अगुवाइ गरेका छन् ।

# बागमती प्रदेशका ८ मन्त्रीको पहिलो सत्तारोहण

◆ विकास संवाददाता

बागमती प्रदेशका ११ मन्त्रीमध्ये ८ जनाले पहिलो पटक प्रदेशमा सत्तारोहण गरेका छन् । जसमध्ये ७ जना प्रदेशसभाको पहिलो यात्रामा नै मन्त्री हुने अवसर पाए भने एक जना सांसदले दोस्रो पटकको संसद् यात्रामा मात्र मन्त्री बन्ने अवसर पाए । सांसद भएको पहिलो पटकमा नै मन्त्री बन्नेहरूमा एमालेका जगन्नाथ थपलिया, एकालाल श्रेष्ठ, रामेश्वर श्रेष्ठ रहेका छन् भने माओवादी केन्द्रका गंगानारायण श्रेष्ठ र राप्रपाका उद्धव थापा, राजु विष्ट र डम्बर बहादुर तामाङ रहेका छन् । एमालेका केशवप्रसाद पोखरेल भने दोस्रो पटकको संसद् यात्रामा मन्त्री हुने अवसर पाएका हुन् ।

एमालेका थपलिया यसअघि तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलका राजनीतिक सल्लाहकार थिए । उनले गत ४ मंसिरमा प्रदेशसभाको निर्वाचनमा चितवन क्षेत्र नम्बर(१ (क) बाट निर्वाचित भएका थिए । त्यस्तै एमाले मकवानपुरका अध्यक्ष एकालाल श्रेष्ठ पनि पहिलो पटकको संसद् यात्रामा मन्त्री बनेका छन् । उनी मकवानपुर क्षेत्र नम्बर–१ (ख)बाट निर्वाचित भएका थिए । एमालेका रामेश्वर श्रेष्ठ पनि पहिलो प्रयासमा मन्त्री बनेका छन् । उनी ललितपुर क्षेत्र नम्बर–२ (क) बाट निर्वाचित सांसद हुन् ।

सिन्धुली क्षेत्र नम्बर(२ (ख)बाट निर्वाचित गंगानारायण श्रेष्ठ पनि पहिलो पटकमै मन्त्री बनेका छन् ।

थाहा नगरपालिकाको सार्वजनिक सूचना।

➢ नयाँ निजि तथा सार्वजनिक भवनहरु निर्माण गर्नु अगाडि अनिवार्य रुपमा पालिकाको कार्यालयमा गई नक्सा पास गरौं ।
➢ भवन मापदण्डको पालना गरौं, सुरक्षित भविष्य सुनिश्चित गरौं।
➢ घटना घटेको ३५ दिन भित्रमा नि:शुल्क रुपमा व्यक्तिगत घटना दर्ता गरौं ।
➢ समयमा नै कर तिरौं, नागरिक कर्तव्यको परिपालना गरौं ।
➢ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ–आफ्नो वडा कार्यालयमा गई नाम दर्ता र विवरण अद्यावधिक गरौं ।
➢ बाल विवाह अन्त्य गरौं, बाल श्रम निर्मुल गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

सार्वजनिक सम्पत्तिको संरक्षण गरौं !

– सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं ।
– सार्वजनिक सम्पत्ति स्याहार सम्भार गरी सार्वजनिक काममा प्रयोग गरौं ।
– सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको कर्तव्य हो ।
– सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानी नोक्सानी कानूनी रुपमा दण्डनीय हुन्छ ।
– सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानी नोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं
डेंगी
डेंगी रोग डेंगी भाईरसबाट संक्रमित एडिज जातका लामखुट्टेको टोकाईबाट सर्दछ ।
एडिज जातका लामखुट्टे पानी जम्मा भएको जुनसुकै भाँडामा पनि हुर्कन सक्दछ ।
डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।
थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

डेंगीका मूख्य लक्षणहरू
उच्च ज्वरो आउनु
जोर्नी र मांशपेशीहरु बेस्सरी दुख्नु
आँखाको गेडी दुख्नु
बेस्सरी टाउको दुख्नु
शरीरमा राता बिमिराहरु आउनु
वाकवाकी लाग्नु वा वान्ता हुनु

डेंगीबाट बच्ने उपायहरू
पानी राख्ने भाँडाहरु जस्तै ट्याङ्की, ड्रम, बाटा, बाल्टिन आदिलाई लामखुट्टे नछिर्ने गरी राम्ररी छोपेर राखौं । साथै पानी जम्न सक्ने ठाउँमा पानी जम्न नदिन नियमित सफा गरौं ।
कोठा भित्र लामखुट्टे भगाउने धुप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं
पूरै शरिर ढाक्ने लुगा लगाऔं ।
काम नलाग्ने र पानी भरिन सक्ने सामानहरु जस्तै बोतल, टायर, प्लाष्टिका बस्तुहरु पानी जम्न नमिल्ने गरि विर्सजन गर्ने
घर/विद्यालयको अध्याँरो कुना–काप्चा जस्तै पर्दा पछाडी, खाटमुनि, शौचालय भित्र, डेस्क/बेन्च मुनि आदि जस्ता ठाउँहरुमा किटनाशन औषधि छर्कने गरौं ।
कम्तिमा हप्ताको एक पटक ऐर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएको प्लेटहरु राम्ररी सफा गरौं ।
हामी सबै मिलेर मात्र डेंगी रोकथाम गर्न सक्छौं ।
लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाउँहरू र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

थाहा नगरपालिका
स्वास्थ्य शाखा
इन्द्रायणी चौर, मकवानपुर

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी